# <u>प्रेस वक्तव्य</u>

मिति २०७७/११/१३ गते बिहीबारका दिन नेपाल ट्रष्ट संचालक समितिका अध्यक्ष एवं उपप्रधानमन्त्री माननीय ईश्वर पोखरेलज्यूको अध्यक्षतामा बसेको नेपाल ट्रष्ट संचालक समितिको ६५ औं बैठकले विभिन्न प्रस्तावहरूमा छलफल गरी देहायबमोजिम निर्णय गरेको छः

**<u>विशेष प्रस्तावः</u>** कार्यकारी सचिवको स्वागत तथा धन्यवाद ज्ञापन
***निर्णयः नेपाल ट्रष्टको कार्यालयमा मिति २०७७ फागुन १० मा कार्यकारी सचिवको रूपमा हाजिर हुनु भएका सचिव श्री सुरेश आचार्यलाई स्वागत गरियो। साथै यस कार्यालयबाट सरुवा भै जानुभएका सचिव श्री देवेन्द्र कार्कीले आफ्नो कार्यकालमा पुऱ्याउनु भएको योगदानको लागि धन्यवाद ज्ञापन गर्ने।***

**<u>प्रस्ताव नं १:</u> नेपाल ट्रष्टको स्वामित्वमा रहेको सार्वजनिक खरिद अनुगमन कार्यालयले प्रयोग गर्दै आएको घरजग्गाको सम्झौता नवीकरण सम्बन्धमाः**

नेपाल ट्रष्टको कार्यालयको स्वामित्वमा रहेको काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं १३ मा रहेको क्षेत्रफल १९-१२-२-२ को जग्गामा गरिबी निवारण कोष र सार्वजनिक खरिद अनुगमन कार्यालयले प्रयोग गर्दै आएकोमा सार्वजनिक खरिद अनुगमन कार्यालयको च.नं. ५७९ मिति २०७७/१०/१६ को पत्रबाट चालु आ.व. को लागि सम्झौता नवीकरणका लागि लेखी आएको विषयमा उक्त जग्गा २०६८ सालदेखि प्रत्येक वर्ष नवीकरण गर्ने गरी सो कार्यालयले भाडामा लिएको। नेपाल ट्रष्ट संचालक समितिको ५४ औ बैठकबाट उक्त कार्यालयको आ.व. २०७५/७६ मा कायम भएको मासिक भाडा रकम रु १,८१,९१३/- मा आ.व. २०७६/७७ को लागि ५ प्रतिशत वृद्धि गरी रु. १,९१,००९/- मासिक भाडा रकम कायम भएको हुँदा ***चालु आ.व. २०७७/७८ का लागि गत आर्थिक वर्षको भाडादरमा ५ (पाँच) प्रतिशत वृद्धिदर कायम गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको घरभाडा सम्झौता नवीकरण गर्ने।***

**<u>प्रस्ताव नं २:</u> गोकर्ण प्राथमिक अस्पताल संचालनका लागि जग्गा माग सम्बन्धमा ।**

गोकर्णेश्वर नगरपालिकाको नगरकार्यपालिकाको कार्यालयको च.नं.१३८६ मिति २०७७/१०/२८ को पत्रद्वारा यस कार्यालयको स्वामित्वमा रहेको साविक गोकर्णेश्वर गा.वि.स. वडा नं ५ हाल गोकर्णेश्वर नगरपालिका वडा नं ४ कि.नं. १२ क्षेत्रफल २९-१२-०-३ रोपनी जग्गा मध्ये ७-२-०-० रोपनी जग्गा १५ शैयाको गोकर्ण प्राथमिक अस्पताल संचालनका लागि प्रचलित कानून बमोजिम लिजमा लिनका लागि माग भई आएकोमा उक्त नगरपालिकाले माग गरेको जग्गाको प्राविधिकबाट लिज भाडा मूल्याङ्कन गर्दा तपसिल बमोजिम हुन आएको

| | |
|---|---|
| सरकारी दररेटको आधारमा निर्धारण गरेको जग्गा भाडा रकम | रु ३७,०५,०००/- (वार्षिक) |
| प्रचलित बजार मुल्यका आधारमा निर्धारण गरेको जग्गा भाडा रकम | रु ७९,५४,१२७/१३ (वार्षिक) |

**उक्त विषयमा भएको निर्णयः** *गोकर्ण प्राथमिक अस्पताल सञ्चालनका लागि साविक गोकर्णेश्वर गा.वि.स. वडा नं ५ हाल गोकर्णेश्वर नगरपालिका वडा नं ४ कि.नं. १२ क्षेत्रफल २९-१२-०-३ रोपनी जग्गा मध्ये ७-२-०-० रोपनी जग्गामा प्राथमिक अस्पत्ताल खोल्न लिज भाडामा लिन गरिएको प्रस्ताव सम्बन्धमा सञ्चालक समितिको ६२औं बैठकमा भएको निर्णय बमोजिम उक्त क्षेत्रको भौतिक, जैविक, सामाजिक, वातावरणीय पक्षमा पर्ने दीर्घकालीन असरबारेमा विज्ञ सहितको टोलीबाट अध्ययन प्रतिवेदन प्राप्त गरी अर्को बैठकमा पुनः पेश गर्ने।*

**<u>प्रस्ताव नं.३:</u> विद्यालय पुनर्निर्माण सहमतिका लागि सम्बन्धमा।**

त्रिभुवन आदर्श आवासीय माध्यमिक विद्यालय दक्षिणकाली ५, फर्पिङ्ग काठमाडौको च.नं.२१ मिति २०७७/०५/२९ को पत्रद्वारा यस कार्यालयको स्वामित्वमा रहेको नेपालकै जेठो एवं ऐतिहासिक आवसीय विद्यालय वि.सं. २०७२ सालको भुकम्पका कारण विद्यालय भवनहरु क्षतिग्रस्त भएकोले नेपाल सरकारको पुनर्निमार्णमा विद्यालय भवन पुनर्निमार्माण हुने भएकोले पुनर्निर्माणका गर्न सहमतिका लागि अनुरोध भई आएकोमा उक्त विद्यालय सार्वजनिक शैक्षिक गुठी अन्तर्गत दर्ता रहेको, विद्यालय सञ्चालनमा रहेको जग्गा नेपाल ट्रष्टको स्वामित्वमा रहेकोले भवन लगायतका भौतिक संरचनाहरू पनि नेपाल ट्रष्टको स्वामित्वकै हुने तथा सार्वजनिक शैक्षिक गुठी अन्तर्गतका विद्यालयहरु बन्द भएको अवस्थामा पनि विद्यालयको भौतिक संरचना लगायतको सम्पत्ति स्वतः नेपाल सरकारको हुने (प्रस्तुत सन्दर्भमा नेपाल ट्रष्टको हुने) हुँदा <u>उक्त विद्यालयका भौतिक संरचनाहरूको ऐतिहासिकता संरक्षण हुने गरी</u> पुनर्निर्माण वा प्रवलीकरण गर्न स्वीकृति दिने।

**<u>प्रस्ताव नं.४:</u>** नेपाल ट्रष्टको स्वामित्वमा रहेको पोखरास्थित रत्न मन्दिर र हिमागृह परिसर तथा भवन लगायतको सम्पदाको गण्डकी प्रदेश सरकारबाट संरक्षण तथा व्यवस्थापन गर्ने सम्बन्धमा प्राप्त प्रस्तावमा ट्रष्ट कार्यालयको अवधारणा बनाउन कार्यालयबाट विज्ञ परामर्शदाता नियुक्त गरी विस्तृत सम्भाव्यता अध्ययन गराई प्रतिवेदन प्राप्त गरेकोमा उक्त *प्रतिवेदनका प्राविधिक पक्षमा व्यवस्थापनले समीक्षा समेत गरी गण्डकी प्रदेश सरकारसँग सम्झौताको प्रकृयाका लागि सम्बन्धित पक्षसँग वार्ता गर्न कार्यकारी सचिवले आवश्यक कारवाही अघि बढाउने।*

**<u>प्रस्ताव नं :५</u> विविध विषयहरू**

१ नेपाल ट्रष्टको कार्यालय ईकाइ कार्यालय गोकर्ण राजनिकुञ्ज गोकर्णेश्वरको च.नं. २६ मिति २०७७१०/१३ को पत्र र सो साथ संलग्न सिद्धि विनायक टोल सुधार समितिको पत्रबाट यस कार्यालयको स्वामित्वमा रहेको जग्गामा सिद्धि विनायक टोल सुधार समितिले प्रयोग गर्दै आइरहेको दक्षिणढोका शान्ति वाटिका भित्र शौचालय निर्माण गर्नका लागि लेखी आएको सम्बन्धमा ***आवश्यकता र औचित्य हेरी ट्रष्टको कार्यालयले आफै शौचालयको निर्माण गर्नेसम्बन्धमा उपयुक्त निर्णय लिने।***

२. श्री यमुना पुष्पा पोल्ट्री एण्ड एग्रिकल्चर फार्म पाँचखाल नगरपालिका-५ काभ्रेपलाञ्चोकको मिति २०७७/०६/०५ को पत्रबाट यस कार्यालयको स्वामित्वको पाँचखाल नगरपालिका साविक वडा नं.

३ हाल वडा नं. ५ कि.नं १८३, १८४ को क्षेत्रफल ९-१५-३-१ रोपनी जग्गा भाडामा माग सम्बन्धमा *उक्त ९-१५-३-१ रोपनी जग्गा भाडामा दिन सकिने दररेटमध्ये सरकारी दररेट (रु ६,२३,१०३/- वार्षिक) लाई आधार लिई खुला वोलपत्र आव्हान गर्ने प्रक्रिया अगाडि बढाउने।*

३. गाउँपालिकाको कार्यालय लिखु नुवाकोटको च.नं. ९२८ मिति २०७७/१०/२७ को पत्रद्वारा यस कार्यालयको स्वामित्वको विभिन्न कित्ताहरुको क्षेत्रफल १७२ रोपनी २ आना जग्गा गाउँपालिकालाई कृषि प्रयोजनका लागि माग सम्बन्धमा ***उक्त जग्गामा सखुवाजस्ता सुकाठसहितको अधिकांश वन क्षेत्रमा कस्तो खालको कृषि प्रयोजनका लागि जग्गा माग गरिएको हो विस्तृत योजना सहित प्रस्ताव गर्न लेखी पठाउने।***

४. यस कार्यालयको स्वामित्वमा रहेको भक्तपुर जिल्ला भक्तपुर नगरपालिका सल्लाघारीस्थित कि.नं. ५४० क्षेत्रफल १०८-२-१-० रोपनी जग्गाको सुरक्षाका लागि जग्गाको पूर्वउतर पट्टी तारवार लगाउनका लागि निर्माण व्यवसायीबाट कार्य शुरु भएकोमा उक्त कार्य गर्न अवरोध भएको बिषयमा ***व्यवस्थापनबाट समस्या समाधानको पहल गरी त्यसको नतिजा आगामी बैठकमा प्रस्तुत गर्ने।***

५. शिक्षा क्षेत्रमा लगानीका लागि तयार गरिएको कार्यविधि मस्यौदामा शिक्षा मन्त्रालयमा राय ***माग गरिएकोमा मस्यौदामा सम्बन्धित निकायहरूबाट प्राप्त राय समेत समावेश गरी आगामी बैठकमा पेश गर्ने।***

६. नेपाल ट्रष्ट कोष लगानी सम्बन्धी कार्यविधिको मस्यौदा तयार गरी नेपाल राष्ट्र बैङ्क र अर्थ मन्त्रालयको रायका लागि पठाइएकोमा ***मस्यौदामा सम्बन्धित निकायहरूबाट प्राप्त राय समेत समावेश गरी आगामी बैठकमा पेश गर्ने।***

७. नेपाल टेलिकम, काठमाडौको च.नं. ४१३७ मिति २०७७/११/११ को पत्रद्वारा यस कार्यालयको स्वामित्वमा रहेको काठमाडौ प्लाजा भवनमा मोबाइल **BTS** यथावत राख्ने सम्बन्धमा लेखी आएको पत्रको सम्बन्धमा ***विद्यमान भाडा संरचनाको विश्लेषण गरी व्यवस्थापनको रायसहित आगामी बैठकमा पेश गर्ने।***

८. स्पाइनल इन्ज्यूरी पुनःस्थापना केन्द्रको लागि जग्गा भाडामा उपलब्ध गराउन रोटरी क्लब चितवनको अनुरोध सम्बन्धमा ***कार्यालयबाट स्थलगत अध्ययन गरी आगामी बैठकमा पेश गर्ने।***

*प्रवक्ता*

*नेपाल ट्रष्टको कार्यालय*